नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail :<nrbbfirdppd@nrb.org.np>
Website : www.nrb.org.np
पोष्ट बक्स : ७३

पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/१७/०७७/७८

मितिः २०७८/०१/०६

# सूचना

**इजाजतपत्रप्राप्त सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरू,**

विश्वव्यापी रुपमा पछिल्ला केही दिनमा कोभिड-१९ को संक्रमण दोस्रो लहर (Second Wave) को रुपमा फैलँदै गएको र सोही रुपमा नेपालमा समेत संक्रमण तीव्र रुपमा फैलँदै गएको देखिएकोले संक्रमणको जोखिमलाई न्यूनीकरण गर्दै आवश्यक स्वास्थ्य सतर्कतासहित बैंक तथा वित्तीय संस्थाको व्यावसायिक निरन्तरताको समेत सुनिश्चितता गर्नुपर्ने देखिएकोले यस बैंकबाट इजाजतपत्रप्राप्त 'क', 'ख', 'ग' र 'घ' वर्गका बैंक तथा वित्तीय संस्थाहरुले देहायका व्यवस्थाहरु अवलम्बन गरी पूर्ण सजगताका साथ कारोबार सुचारु गर्न/गराउन हुन सम्बन्धित सबैको जानकारीको लागि नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको व्यहोरा सूचित गरिन्छ।

१. नेपाल सरकार तथा विश्व स्वास्थ्य संगठनको स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्डको पालना गरी सेवा प्रवाहमा प्रत्यक्ष सम्पर्कमा रहने जनशक्ति तथा सेवाग्राहीमा संक्रमणको जोखिमलाई न्यूनीकरण गर्न आवश्यक उपायहरु अवलम्बन गर्ने।

२. सेवाग्राहीको भिडभाड नहुने तथा भौतिक दूरी कायम हुने व्यवस्था मिलाई सेवा प्रवाह गर्ने। साथै, सेवाग्राहीको आवत जावत सकेसम्म कम हुने गरी बैंक तथा वित्तीय संस्थाले प्रदान गर्ने सेवाहरु यथासम्भव विद्युतीय माध्यमबाट गर्न / गराउन प्रोत्साहित गर्ने।

३. बैंक तथा वित्तीय संस्थाद्वारा संचालित ATM Booth हरुबाट हुन सक्ने संक्रमण जोखिम न्यूनीकरण गर्न ढोका खुला राखी Sanitzer एवं Tissue Paper को व्यवस्था गर्ने।

४. बैंक तथा वित्तीय संस्थाबाट संचालन गरिने बैठक, गोष्ठी, सेमिनार, तालिम जस्ता कार्यक्रमहरुमा भौतिक दूरी सुनिश्चित गर्ने तथा सम्भव भएसम्म यस्ता कार्यक्रम Virtual माध्ययमबाट गर्ने व्यवस्था मिलाउने।

५. कर्मचारीहरुमा हुन सक्ने संक्रमण तथा संस्थाको व्यावसायिक निरन्तरतालाई मध्यनजर गर्दै संक्रमणको जोखिम न्यून हुने गरी सेवा प्रवाह गर्ने। कर्मचारीहरुलाई समूहमा विभाजन गरी समूह समूहबीच प्रत्यक्ष सम्पर्क नहुने गरी कार्य वातावरण निर्माण गर्ने। यसका लागि आवश्यकताका आधारमा Remote Access, Work From Home, Shift-wise Work

नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail :<nrbbfirdppd@nrb.org.np>
Website : www.nrb.org.np
पोष्ट बक्स : ७३

लगायतका उपाय अवलम्बन गर्न सकिने ।

६. कर्मचारीहरुमा संक्रमणको शंका लागेमा अविलम्ब परीक्षण गर्ने व्यवस्था गर्ने र संक्रमण देखिएका कर्मचारीलाई Isolation गर्ने तथा Contact Tracing मा परेका कर्मचारीलाई Quarantine गर्ने व्यवस्था गर्ने ।

७. बैंक तथा वित्तीय संस्थालाई कोभिड-१९ सम्बन्धी समस्याको सहजीकरण र सम्पर्कका लागि कोभिड-१९ सुरक्षा व्यवस्थापन समूह (Covid-19, Safety Management Team (C-SMT)) गठन गर्न निर्देशन दिइएकोमा सो समूहलाई सक्रिय रुपमा परिचालन गर्ने ।

८. समुदाय स्तरमा कोभिड-१९ को संक्रमण फैलिई महामारीको विशेष अवस्था आइपर्न सक्ने परिस्थितिलाई समेत आँकलन गरी बैंक तथा वित्तीय संस्थाका अत्यावश्यकीय कार्यको निरन्तरताको लागि विस्तृत कार्ययोजना सहितको Contingency Plan लाई समयानुकूल अद्यावधिक गर्ने ।

९. यस बैंकबाट कोभिड-१९ को संक्रमण जोखिम न्यूनीकरण गरी सेवा सुचारु गर्ने सम्बन्धमा यस अघि जारी गरिएका निर्देशनहरु परिपालना गर्ने गराउने व्यवस्था मिलाउने ।

**कार्यकारी निर्देशक**